STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ माघ २६ गते बुधबार ❑ 9 Feb. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## 'सबै पालिकामा प्राविधिक शिक्षालय'

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ माघ**

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले सरकार देशका ७५३ वटै पालिकामा प्राविधिक शिक्षालय स्थापना गर्ने योजनामा रहेको बताउनुभएको छ ।

कास्कीको अन्नपूर्ण गाउँपालिका-३ मा मंगलबार प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्(सिटीइभिटी)को आङ्गिक शिक्षालय 'अन्नपूर्ण बहुप्राविधिक शिक्षालय भवन' को शिलान्यास गर्दै उहाँले फरकफरक प्रकृतिका विषय समेटिने गरी प्राविधिक शिक्षा देशका सबै स्थानीय तहमा सञ्चालन गरिने बताउनुभयो । उहाँले भन्नुभयो, "देशका सबै पालिकामा शिक्षालय खोलिन्छ, त्यसपछि त्यहाँ उत्पादन भएको सीपलाई श्रम, उत्पादन हुँदै रोजगारीसँग जोड्ने योजनामा सरकार छ ।" अन्नपूर्ण बहुप्राविधिक



शिक्षालयलाई नमूनाका रूपमा सञ्चालन गर्नका लागि आवश्यक बजेटका लागि मन्त्रालयले सहयोग गर्ने मन्त्री पौडेलले प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले कक्षा ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थीलाई अध्ययनका अतिरिक्त श्रम र उत्पादनसँग जोड्नका लागि 'पढ्दै कमाउँदै कार्यक्रम' को कार्यविधि निर्माण भई कार्यान्वयनको प्रक्रियामा अगाडि बढिसकेको जानकारी दिनुभयो । सांसद दुर्गाकुमारी विकले प्राविधिक र रोजगार मूलक शिक्षाबाट बेरोजगारी अन्त्य गरी समृद्धि हासिल गर्नुपर्ने बताउनुभयो । अन्नपूर्ण बहुप्राविधिक शिक्षालयमा दुई वर्षदेखि तीनवर्षे बाली विज्ञान विषय(आइएससी एजी)को पढाइ हुँदै आएको छ । शिक्षालयको आफ्नै भवन नभएकाले हाल माछापुच्छ्रे माध्यमिक विद्यालयको भवनमा कक्षा सञ्चालन भइरहेको छ । शिक्षालयमा ८० नियमिततर्फ र विशेष कार्यक्रममा ४० गरी १२० विद्यार्थी अध्ययनरत रहेको शिक्षालय प्रमुख मोतिमाया सुवेदीले जानकारी दिनुभयो । विसं २०७६ देखि सिटीइभिटीको आङ्गिक क्याम्पसका रूपमा सञ्चालन भएको शिक्षालयको नयाँ भवन निर्माणका लागि रविना कन्स्ट्रक्सनसँग रु तीन करोड ८७ लाखमा ठेक्का सम्झौता गरिएको सुवेदीले बताउनुभयो । उहाँका अनुसार शिक्षालय सञ्चालनका लागि अन्नपूर्ण गाउँपालिकामा ५०० रोपनी जग्गा आवश्यक रहेकाले जमीन खोजी गरिएको छ । कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्य, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का सदस्य सचिव जीवनारायण काफ्ले, गाउँपालिका अध्यक्ष युवराज कुँवर, गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयका सचिव विनोदबहादुर कुँवर, शिक्षासेवी पुण्यप्रसाद पौडेल लगायतले प्राविधिक शिक्षाको महत्वका बारेमा भनाइ राख्नुभयो ।

## पर्यटन प्रबर्द्धन गर्न नयाँ आकर्षण आवश्यक छः मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ माघ**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले पर्यटन प्रबर्द्धन गर्न नयाँ आकर्षण आवश्यक भएको बताउनु भएको छ । पोखरा २२ पुम्दी भुम्दी स्थित अर्चलवोट आमा समुहको सामुदायिक बहुउद्धेश्य भवनको मंगलबार एक समारोहका बिच शिलन्यास गर्दै मन्त्री बराललले अबकोपर्यटन प्रबर्द्धन गर्न नयाँ आकर्षण आवश्यक भएको बताउनु भएको हो ।

गाउँको विकासको लागि स्थानियले आफ्नो माटो सुहाउदो फलफुल तरकारी तथा माछा एवं मासु उत्पादन गरेर पनि आर्थिक समृद्धि हासिल गर्न सकिने बताउनु भएको मन्त्री बराललले पर्यटकहरुलाई आकर्षण गर्न स्थानिय उत्पादन गर्नुपर्नेमा जोड दिनु भयो । सडक संजाल विकासको आधार भए पनि समयमै सडक तथा बाटो खन्दा ध्यान दिन नसक्दा केही ठाँउमा विकाससंगै विनास बाढी तथा पहिरो समेत जाने गरेको दाबी गर्नु भयो । पुम्दी भुम्दीको समग्र विकासको लागि आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्दै आएकोले भोलिका दिनमा समेत त्यसलाई निरन्तरता दिने मन्त्री



बराललले जनाउनु भयो ।

अर्चलवोट आमा समुहका अध्यक्ष रमा बाँस्तोलाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा पोखरा २२ का वडा सदस्य मात्रिका प्रसाद बराल, नेकपा एमाले पोखरा २२ का अध्यक्ष राजेन्द्र अधिकारी, पोखरा २२ काग्रेंसका सभापति हुमप्रसाद बराल, उपसभापति खडानन्द बराल, माओबादी केन्द्र पोखरा २२ का अध्यक्ष नवराज बराल, नेकपा एकिकृत समाजवादी पोखरा २२ का उपाध्यक्ष गणेश बहादुर गुरुङ, कन्चन कम्प्यूटरका संचालक चिन्तामणि बाँस्तोला, प्रगतीशिल टोल विकास संस्थाका अध्यक्ष नरबहादुर खड्का, भयरथान टोल विकास संस्थाका अध्यक्ष भगवान बाँस्तोला समुहका सदस्य रन्जना ढुंगाना बाँस्तोला लगायतले वोल्नु भएको थियो ।

यसैबिच तल्ला गाउँ आमा समुहले मंगलबार एक समारोहका बिच मन्त्री बराललाई आफ्नो गाउँमा स्वागत गर्दै सडकको कारण बर्षादको भलपानीले आफुहरुको बस्ती नै जोखिममा भएको उल्लेख गर्दै त्यसलाई व्यबस्थापन गर्न माग गरेको छ ।

उक्त कार्यक्रममा वोल्दै मन्त्री बराललले सडक बाटोको कारण बस्ती नै जोखिममा परेको अबस्थामा त्यसको रोकथामको लागि पहल गर्ने बताउनु भयो । तल्ला गाउँ आमा समुहका अध्यक्ष शावित्री भुजेलको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा माओबादी केन्द्रका नवराज बराल, स्थानिय युवा शिव भुजेल, स्थानिय निर्मल भुजेल, समुहका सचिव लक्ष्मि बराल, गौरी आधारभूत बिद्यालयका प्रध्यानाध्यापक याम बहादुर भुजेल लगायतले सडक बाटोको कारण उक्त तल्लो गाउँ नै बाढी र पहिरोको उच्च जोखिममा भएको गुनासो गर्नु भएको थियो ।

## बन्द फूलबारी होटेल खुलाउन प्रदेश सरकारको चासो

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ माघ**

पर्यटकीय नगरी पोखरामा कुनै बेला देश विदेशबाट आउने खर्चालु पर्यटक बस्ने ठाउँका रूपमा चासो र चर्चा कमाएको थियो फूलबारी होटेलले । पाँचतारे प्लस डिलक्ससमेत रहेको यो होटेललाई नेपालमा मात्र नभइ दक्षिण एशियाकै नमूना मानिन्थ्यो ।

मजदूर आन्दोलन लगायतका कारणबाट पाँच वर्षयता बन्द यो होटेल अहिले भने सुनसान छ । तत्कालीन समयमा झण्डै ४५० जनालाई रोजगारी दिएको यस होटेलमा भएको संरचना जोगाउन र कुर्नका लागि हाल सुरक्षाकर्मीसहित १६ जना कर्मचारी छन् । होटेल तथा परिसरको सरसरफाइ कार्यलाई निरन्तरता दिइएको होटेलका इञ्जिनीयरिङ विभाग प्रमुख धनराज पुरीले जानकारी दिनुभयो । सन् २०१७ फेब्रुअरी २८ बाट मजदूर आन्दोलनका कारण बन्द भएको होटेल पुनः सञ्चालनका लागि व्यवस्थापनले पहल गरिरहे पनि कोरोना महामारीका कारण कहिलेबाट पुनःसञ्चालनमा आउँछ भन्ने यकिने हुनसकेको छैन । पुरीका अनुसार पुनः सञ्चालनका लागि न्यूनतम नौ महिनादेखि एक वर्षसम्म मर्मत तथा पुनःनिर्माणका काम लाग्ने अनुमान गरिएको छ ।

सन् १९९८ देखि सञ्चालनमा आएको यस होटेल २०६ रोपनी क्षेत्रफलमा फैलिएको छ । उक्त क्षेत्रफलमध्ये फूलबारी होटेलकै नाममा पूर्जा रहेको ६८ रोपनी जग्गाबिना जानकारी प्रहरीको नाममा दिइएकोमा त्यो अदालतमा विचाराधीन अवस्थामा रहेको व्यवस्थापनले जनाएको छ ।

होटेलमा सुविधा सम्पन्न १६५ कोठा रहेका छन् । होटल सञ्चालनको सुरुमा थाइल्यान्डको



दुषित्थानी नामक समूहले यसको व्यवस्थापनको जिम्मा लिएको थियो । सुरुमा लगभग पाँच वर्ष होटेल राम्रैसँग चले पनि सन् २००४ पछिका वर्ष भने सन्तोषजनक हुनसकेन । त्यसयता समय समयमा भएका जहाज अपहरण, ऋतिक रोशन काण्ड, माओवादी सशस्त्र द्वन्द्वको सुरुवात र चरमोत्कर्ष, दरबार हत्याकाण्डलगायतका घटना क्रमको असर होटेलमा पनि प्रत्यक्ष परेको थियो । यी विभिन्न समस्यासँगै खर्चालु पर्यटकको आगमन घट्दै गएसँगै प्रभावित बनिरहेको होटेलमा थपिएको मजदूर समस्याले होटेल अन्ततः बन्द हुनपुगेको हो । यसबीचमा होटेलका सञ्चालकदेखि विभिन्न समूहले व्यवस्थापनको जिम्मा लिए पनि होटेलले गति लिन सकेको थिएन । झण्डै चार अर्ब लगानी भएको यस होटेलका सञ्चालक पियुषबहादुर अमात्य हुनुहुन्छ । उहाँ तत्कालीन राजा वीरेन्द्रसँग निकट हुनुहुन्थ्यो । दरबार हत्याकाण्ड, देशमा द्वन्द्वको अवस्था आदिले सबै क्षेत्र प्रभावित भएसँगै होटेलको अवस्था पनि त्यही रूपमा प्रभावित भएको अनुमान गरिन्छ । पर्यटकको आगमन घट्नु, ऋण बढ्दै जानुलगायतका कारणसँगै व्यवस्थापन र मजदूरबीचको द्वन्द्वले पनि होटेल बन्द हुन पुगेको जानकार बताउछन् ।

गण्डकी प्रदेशका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्मा कँडेलले बन्द अवस्थामा रहेको फूलबारी होटेलको स्थलगत अवलोकन गर्नुभएको छ ।

होटेललाई पुनः सञ्चालनमा ल्याउनका लागि सरकारकातर्फबाट गर्न सकिन्छ कि भनेर अवलोकन गरेको उहाँले बताउनुभयो । "होटेलको पुनः सञ्चालनका लागि होटेल सञ्चालक र सरकारका तर्फबाट के के गर्न सकिन्छ त्यसका लागि छलफल गर्न हामी तयार छौं", उहाँले भन्नुभयो, "होटेल सञ्चालनसँगै पोखरामा पर्यटकलाई गुणस्तीय सेवा प्रवाहसँगै यसबाट झण्डै साढे चार सय व्यक्तिका लागि रोजगारी पनि सिर्जना हुने देखिन्छ ।" फूलबारी होटेल यसका लगानीकर्ताको मात्र नभइ पोखराको पनि गौरब भएको बताउनुहुने पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराई यसलाई पुनः सञ्चालनमा ल्याउनु आवश्यक भएको धारणा राख्नुहुन्छ । ठूलो लगानीको फूलबारी होटेल बन्द हुँदा त्यसले समग्र पोखराका लागि पनि राम्रो सन्देश नदिने बताउँदै उहाँले बन्द हुनुका कारण लगायतका विषयमा समीक्षा गर्दै देखिएका समस्याको समाधान गरी पुनःसञ्चालनमा ल्याउनुपर्ने बताउनुभयो । फूलबारी होटेल पुनःसञ्चालनसँगै पोखरामा लगानीका अन्य वातावरण पनि सिर्जना हुने जनाउँदै उहाँले भौगालिक अवस्थिति आदि कारणबाट पनि उपयुक्त स्थानमा होटेल रहेको उल्लेख गर्नुभयो ।

## बुद्धसिं मार्गलाई वैकल्पिक मार्गका रूपमा विकास गर्नुपर्छ : मुख्यमन्त्री

**पोखरापत्र संवाददाता**
**तनहुँ, २५ माघ**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले बुद्धसिं मार्गलाई वैकल्पिक मार्गका रूपमा विकास गर्न आवश्यक रहेको बताउनुभएको छ । मुख्यमन्त्री पोखरेलले मंगलबार बुद्धसिं मार्गको अवलोकन गर्दै सङ्घीय सरकारसँग समन्वय गरी सडकको स्तरोन्नति गरेर सञ्चालनमा ल्याइने बताउनुभयो ।

पृथ्वीराजमार्गको सडक विस्तार गर्ने क्रममा लामो समय लाग्न सक्ने हुँदा छिटोभन्दा छिटो यस मार्गलाई सञ्चालनमा ल्याउने गरी निर्माण कार्य अघि बढाइएको उहाँले बताउनुभयो । "सडक विस्तारका क्रममा सवारी साधन गुड्न कठिनाइ हुन सक्छ", उहाँले भन्नुभयो, "यो मार्गलाई व्यवस्थित गर्न सकिए निर्बाधरूपमा सवारी साधन गुडाउने कार्यलाई सहज बनाउन सकिन्छ ।" बुद्धसिं मार्गको अनुगमन कार्यक्रममा आन्तरिक मामिलामन्त्री डोबाटे विश्वकर्मा, योजना आयोगका उपाध्यक्ष रघुराज काफ्ले, जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, बुद्धसिं मार्ग निर्माण समितिका अध्यक्ष चन्द्रबहादुर गुरुङलगायत टोली रहेको थियो ।

दमौलीबाट चितवनको घुमाउनेघाट पुग्न पृथ्वी राजमार्गको बाटोभन्दा बुद्धसिं मार्ग हुँदै जाँदा करिब १८ किलोमिटर दूरी छोटो पर्दछ ।

दमौलीबाट पृथ्वी राजमार्ग हुँदै मुग्लिनसम्म ४२ किलोमिटर दूरी रहेकोमा बुद्सिं मार्ग हुँदै गएको खण्डमा १८ किमी छोटो दूरीमा पर्ने हुँदा आवतजावतमा छिटो र सहज हुने बताइएको छ । गण्डकी प्रदेश सरकारबाट रु एक करोड ५० लाख बजेट विनियोजन भएपछि बुद्धसिं मार्गको स्तरोन्नतिको कार्य धमाधम भइरहेको छ ।

## जिपिएससहितको एम्बुलेन्स सञ्चालनमा ल्याइँदै

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ माघ**

गण्डकी प्रदेशमा जिपिएससहितको एम्बुलेन्स सेवा सञ्चालनमा ल्याइने भएको छ ।

प्रदेश स्वास्थ्यतथा जनसङ्ख्या मन्त्रालयको आर्थिक सहयोग र नेपाल रेडक्रस सोसाइटीको प्राविधिक सहयोगमा प्रेषण केन्द्र स्थापना गरी एम्बुलेन्स सञ्चालनमा ल्याउन लागिएको हो । यसका लागि स्वास्थ्य निर्देशनालय र रेडक्रस सोसाइटीबीच सम्झौता प्रारम्भ भएको जनाइएको छ । रेडक्रस गण्डकी प्रदेशका अध्यक्ष सूर्यप्रसाद ढकालका अनुसार जिपिएसबाट पूर्व अस्पताल स्वास्थ्य सेवा प्रणाली विकास गरी सेवा पुर्‍याउने उद्देश्य राखिएको छ । प्रदेशमा सरकारी अस्पताल, रेडक्रस अन्य सामाजिक सङ्घ संस्था र निजी अस्पतालकासमेत गरी २१६ एम्बुलेन्स सञ्चालनमा छन् । यस वर्ष १५० एम्बुलेन्समा जिपिएस जडान गरिने र बाँकीलाई अर्को आर्थिक वर्षमा जडान गरिनेछ ।

यस कार्यक्रमको लागि

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गण्डकी प्रदेशका अस्पतालमा बिरामीलाई सित्तैमा रगत

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ माघ**

अस्पतालमा रगत दिएर उपचार गर्नुपर्ने बिरामी र आकस्मिक दुर्घटनाका कारण रगत चाहिने व्यक्तिका आफन्तले पैसा तिरेर रगत किन्नुपर्ने अवस्था छ। अस्पताल र चिकित्सकको सिफारिसमा रक्त सञ्चार केन्द्रबाट रगत खरिद गर्दा एक पिन्टको रु एक हजारसम्म शुल्क बिरामीका आफन्तले तिर्दै आएका छन्।

पोखराको रामघाटमा अवस्थित प्रादेशिक रक्तसञ्चार केन्द्रले सरकारी अस्पतालमा उपचार गराइरहेका बिरामीलाई रगतको रु ७०० र निजीका लागि रु एक हजार लिने गरेको छ। रक्तदाताले स्वेच्छिक दिएको रगतको शुल्क लिने नहुने र निःशुल्क हुनुपर्ने माग हुँदै आएकामा अब गण्डकी प्रदेशका सम्पूर्ण स्वास्थ्य संस्थामा उपचार गराइरहेका बिरामीलाई निःशुल्क रगत उपलब्ध हुने भएको हो। बिरामीले अब कुनै शुल्क तिर्न नपर्ने र सित्तैमा रगत दिने व्यवस्था सरकारले गरेको छ।

आगामी फागुन १ गतेदेखि प्रदेशभित्रका सबै सरकारी तथा निजी अस्पतालमा रगत निःशुल्क गर्ने निर्णय प्रदेश सरकारले गरेको हो। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तयार पारेको 'रगत तथा रगतजन्य सेवा निःशुल्क व्यवस्थापन कार्यविधि २०७८' सोमबारको मन्त्रिपरिषद् बैठकले पारित गरेसँगै बिरामीलाई निःशुल्क रगत उपलब्ध गराइने स्वास्थ्यमन्त्री मधु अधिकारीले बताउनुभयो। प्रदेश सरकारले यसअघि गत मङ्सिर ८ गते पहिलोपटक प्रदेश स्वास्थ्य नीति जारी गरेको थियो। सोही नीतिमा रहेर रगत निःशुल्क उपलब्ध गराउने निर्णय गरिएको बताइन्छ। मन्त्री अधिकारीले भन्नुभयो, "स्वास्थ्य सेवा प्रवाहका क्रममा रगतको आवश्कता पर्ने बिरामी तथा दुर्घटनाका कारण रगत दिनुपर्ने व्यक्तिले आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने क्रममा अब रगत निःशुल्क पाउनेछन्। यसबाट बिरामीको जीवन जोखिममा पर्ने अवस्था अन्त्य भई जनताको जीवनरक्षा गर्न सहयोग पुग्ने छ। निम्न आयस्तर भएका नागरिकलाई फाइदासमेत हुनेछ।"

सरकारले रगत निःशुल्क गर्ने कार्यका लागि नेपाल रेडक्रस सोसाइटीसँग सम्झौताको तयारी गरेको छ। केही दिनमै हुने सम्झौतापछि सरकारको निर्णय कार्यान्वयनमा जानेछ। सर्वसाधारणले दान गरेको रगत प्रयोगशाला परीक्षणपछि रेडक्रसले सञ्चालन गरेको रक्तसञ्चार केन्द्रले बिरामीलाई उपलब्ध गराउँदै आएको छ।

रक्तसञ्चार केन्द्रले सेवाशुल्कवापत बिरामीसँग लिँदै आएको रकम अब सबै प्रदेश सरकारले नै भुक्तानी गर्ने गरी सम्झौता हुने मन्त्री अधिकारीले बताउनुभयो।"रक्तसञ्चारलेबिरामीसँग लिँदै आएको सबै रकम सरकारले भुक्तानी गरेर जनतालाई निःशुल्क उपलब्ध गराउने हो।" मन्त्री अधिकारीले भन्नुभयो, "सो कार्यका लागि आवश्यक रकम सबै व्यवस्था गरिएको छ।" मन्त्रालयले रगत निःशुल्क गर्दा वार्षिक कति खर्च लाग्छ अहिल्यै यकिन नभए पनि प्रदेशका सबै जिल्लामा गरेर अनुमानित वार्षिक रु तीन करोड खर्च हुने जनाइएको छ। सरकारले बनाएको स्वास्थ्य नीतिको कार्यान्वयनका लागि रगत निःशुल्क गर्ने कार्यविधि बनाएर कार्यान्वयन गरिएको बताइन्छ। स्वास्थ्य नीतिमा निःशुल्क आधारभूत स्वास्थ्य सेवा र आकस्मिक स्वास्थ्य सेवाको पहुँच बढाइने नीति अवलम्बन गर्ने उल्लेख छ। प्रादेशिक रक्तसञ्चार केन्द्र पोखराका प्रमुख अर्जुन ज्ञवालीले आफूहरूले रगत निःशुल्क हुनुपर्दछ भनेर पहिलादेखि नै माग गरेको बताउँदै सरकारको निर्णयले गरिब विपन्न र कमजोर आर्थिक अवस्था भएका नागरिक बढी लाभान्वित हुने बताउनुभयो। उहाँले भन्नुभयो, "रगत निःशुल्क हुनुपर्दछ भनेर केन्द्रबाट पहिलेदेखि नै माग गरेका थियौँ, रक्तदाताले पनि उठाउँदै आउनुभएको हो। हामीले रगत दिन्छौँ, रक्तसञ्चारले पैसा लिन्छ भन्ने भ्रम पनि रक्तदातामा थियो तर हामीले रगतको भन्दा पनि जाँचेको पैसा लिने गरेका हौँ। रगत चाहिने व्यक्तिलाई पैसा नचाहिने निर्णय धेरै राम्रो छ।" रक्तसञ्चार केन्द्रमा बार्षिक रु दुई करोड ६० लाख सेवा शुल्कवापत सङ्कलन हुने बताइन्छ। गण्डकी प्रदेशको राजधानी सहर पोखरामा सबैभन्दा बढी रगत खपत हुने गरेको छ। जिल्ला अस्पतालहरूबाट पोखराका अस्पतालमा बिरामी सिफारिस भएर आउने गरेकाले पनि गम्भीर र जटिल रोगका बिरामीको यहाँ उपचार हुने गरेको छ। गण्डकी प्रदेशमा दैनिक ७० देखि ८० पिन्ट रगतको माग हुने गरेको बताइन्छ।

# पोउवाको वार्षिकोत्सवमा नविन माविलाई शैक्षिक सामग्री प्रदान

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ माघ**



पोखरा उद्योग वाणिज्य संघले आफ्नो ६८ औं वार्षिकोत्सवको उपलक्ष्यमा मंगलबार गैह्रापाटनमा रहेको नविन माविलाई शैक्षिक सामग्री सहयोग गरेको छ।

कार्यक्रमका प्रमुख अतिथि पोखरा ४ का वडाध्यक्ष शंकरप्रसाद बास्तोला तथा संघका अध्यक्ष नारायण कोइरालाले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्रनिधी कोइराला तथा प्रधानाध्यापक शिरोमणि लामिछानेलाई शैक्षिक सामग्री हस्तान्तरण गरेका हुन्।

शैक्षिक सामग्री हस्तान्तरण कार्यक्रममा बोल्दै प्रमुख अतिथि पोखरा ४ का वडाध्यक्ष बास्तोलाले सहयोगलाई कति दियो भन्नेमा नभएर कसरी दिइयो भन्ने कोणबाट हेरिनुपर्ने बताए। पोखरा ४ मा रहेको एकमात्र सामुदायिक विद्यालयलाई पोउवा संघले गरेको सहयोग आफैमा सह्रानीय भएको उनको भनाइ थियो। आफू १७ वर्षसम्म संघको साधारण सदस्य रहेको र त्यही संघले सामाजिक उत्तरदायित्व बहन गर्ने सिलसिलामा वडाको विद्यालयलाई सहयोग गर्नुलाई उनले संयोगमात्र नभएर अविश्वरणीय कार्यको संज्ञा पनि दिए। पोखरा उद्योग वाणिज्य संघले जनप्रतिनिधिविहीनताको अवस्थामा जनप्रतिनिधिको भूमिका खेलको स्मरण गर्दै उनले भने,'हिजो पोखरा उद्योग वाणिज्य संघले सेमी-जनप्रतिनिधिको भूमिका निभाएको थियो, अहिलेको अवस्थामा हामी उहाँहरुसँग हातेमालो गर्दै अगाडि बढ्न चाहन्छौं।' उनले राजश्व वृद्धि गराउन एवं व्यावसायिक वातावरण निर्माणमा लाग्न संघ नेतृत्वसँग आग्रह पनि गरे। कार्यक्रम तथा संघका अध्यक्ष नारायण कोइरालाले आफूले कखरा सिकेको विद्यालयलाई संघको वार्षिकोत्सवको अवसरमा सहयोग गर्न पाउँदा खुसी लागेको बताए। पोखरा उद्योग वाणिज्य संघ सधैं समुन्नत पोखराको पक्षमा रहेको स्पष्ट पार्दै उनले विद्यालयस्तरबाटै उद्यमशीलता सिकाउने अभियान थालिनुपर्ने र सो अभियानलाई संघलेले सघाउने उद्घोष गरे।'हामी उद्यमशीलता चाहन्छौं, यसका लागि विद्यालयस्तरमै स्वरोजगारमूलक पाठ्यक्रम र तालिम आयोजना हुन् भन्ने चाहना हो',उनले भने,'नविनसहित इच्छुक विद्यालयसँग हामी सहकार्य गर्न तयार छौं।' विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्रनिधी कोइरालाले पोखरा उद्योग वाणिज्य संघ र नविन स्कूल एउटै वडामा रहेको तथ्य पेश गर्दै नजिक भएकाबाट सहयोगको अपेक्षा बढी हुने यथार्थता बुझ्न संघ नेतृत्वसँग आग्रह गरे। पोखराको आर्थिक गतिविधिलाई चलायमान बनाउन संघ अझ सक्रिय हुनुपर्ने पनि उनको सुझाव थियो। पोउवा संघका महासचिव सुरेन्द्रमान विजूक्छेको संचालन रहेको कार्यक्रममा बोल्दै संघका वरिष्ठ उपाध्यक्ष पवनकुमार प्रजापतिले शिक्षाको विकासको लागि संघले यथाशक्य सहयोग गर्ने प्रतिवद्धता जनाए। पोखराको शिक्षा,स्वास्थ्य,पर्यटन र कृषिको विकासको लागि संघको स्थापनाकालदेखि भएका कामहरुको चर्चा गर्दै उनले भने,'हामी अहिले पनि यहाँका शैक्षिक संस्थाहरुबाट बजार आवश्यकता अनुसारको जनशक्ति उत्पादन होस् भन्नेमा छौं र सहयोग पनि गर्दछौं।' विद्यालयका प्राचार्य शिरोमणि लामिछानेले पोउवा संघले विद्यालयलाई उपलब्ध गराएको छात्रवृत्ति,विद्यालय समयपछिको लागि शिक्षक व्यवस्था गरिदिएकोमा धन्यवाद ज्ञापन गरे। कार्यक्रममा संघका पदाधिकारी तथा कार्यसमिति सदस्यहरुको उपस्थिति रहेको थियो। यसअघि संघको ६८ औं वार्षिकोत्सवको उपलक्ष्यमा संघको सचिवालय गैह्रापाटनमा झण्डोत्तलन गरिएको थियो। संघका पूर्वअध्यक्षद्धय सुरेशराज राजभण्डारी तथा कृष्णमोहन श्रेष्ठ तथा हालका अध्यक्ष नारायण कोइरालाले झण्डोत्तलनसँगै शुभकामना साँटासाँट गरेका थिए।

संघका महासचिव सुरेन्द्रमान विजुक्छेको संचलान रहेको कार्यक्रममा पोखरा-३ का अध्यक्ष रवीन्द्रबहादुर प्रजु,संघका निवर्तमान निर्देशक टोपबहादुर थापासहित पदाधिकारी,कार्यसमिति सदस्य एवं बस्तुगत संघका प्रतिनिधिहरुको पनि सहभागिता रहेको थियो। पोखरा उद्योग वाणिज्य संघ २०११ साल माघ २५ गते विधिवत् उद्घाटन भएको थियो।

सार्वजनिक पद र जिम्मेवारीमा रहेका व्यक्तिहरुले शक्तिको दुरुपयोग गरी गर्ने गैरकानूनी आर्जन भ्रष्टाचार हो। भ्रष्टाचार विरुद्ध सचेत होऔं। भ्रष्टाचार भएको शंका लागेमा तत्काल अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा स्थानीय प्रशासनमा खबर गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# ओरालो लाग्दै कोभिड, खुकुलो बन्दै आदेश

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, २५ माघ**

तेस्रो लहरको रुपमा देखा परेको कोराना संक्रमण स्याङ्जामा बिस्तारै ओरालो लाग्दै छ।

संक्रमणको दर घट्नेक्रममा आउन थालेपछि जिल्ला प्रशासन कार्यालयले स्याङ्जाले जारी गरेको आदेशमा पनि केही खुकुलो बनाएको छ। पौष २५ गतेबाट परिक्षण शुरु गरिएको कोरोना संक्रमण माघको २५ सम्म आइपुग्दा निकै घट्दो रुपमा देखिएकाले प्रशासनले केही खुकुलो पारेको हो। शुरुमा निकै आक्रमक शैलिमा फैलिएको संक्रमण एक महिनाकै अन्तरालमा ओरालो लागेको स्वास्थ्य कार्यालय स्याङ्जाले जनाएको छ। पौषको अन्तिम सातादेखी स्मार्ट शैलीको लकडाउनलाई माघ २५ गतेदेखी केही खुकुलो हुनेगरी जिल्ला प्रशासनले आदेश जारी गरेको जनाएको छ। विद्यालय, होटल, जिमखाना, बिवाह, वर्तबन्ध, भेला, गोष्ठि, यातायात सेवा लगायत प्रशासनिक सेवामा स्मार्ट खालको लकडाउन गरिदै आएको थियो। माघ २५ गते राती १२ बजेदेखी लागु हुनेगरी अर्को आदेश जारी नभएसम्मका लागि आदेश जारी गरेको जनाएको छ। फागुन १ गतेदेखी विद्यालय संचालन गर्न पाईने गरी आदेश जारी गरेको छ। जसमा १२ बर्षभन्दा माथीकाको नियमित र १२ बर्ष भन्दा मुनी विद्यार्थीलाई आलोपालो हुने गरी विद्यालय संचालनमा खुकुलो पारिएको प्रशासनले जनाएको छ। स्याङ्जामा अनलाईन कक्षा मार्फत पढाई हुदै आएको थियो। अर्को तर्फ पाटी प्यालेसमा हुने कार्यक्रममा ५० जना भन्दा बढी नपाईनेमा माघ २५ गतेदेखी १ सय भन्दा बढी गर्न नपाईने गरी केही खुकुलो बनाएको जनाएको छ। खेलकुद, होटल रेष्टुरेन्ट र सवारी साधनहरुमा अनिवार्य मास्क प्रयोग गर्न अनुरोध गरिएको छ। सिट क्षमता भन्दा बढी यात्रु राख्न नपाईने र सबै यात्रुले यात्रा गर्दा अनिबार्य मास्क प्रयोग गर्न प्रशासनले आदेश गरेको छ। स्याङ्जाका प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेलले जारी गरेको आदेशमा स्वास्थ्य मापदण्ड अपनाउन र संक्रमणबाट बचाउन साथै बच्नका निमित्त सबै जिल्लावासी सजग रहन आग्रह गरिएको छ। सेवा प्रदायक कार्यालय, सरकारी कार्यालय लगायतमा सेवा लिदा खोपकार्ड भने अनिबार्य गरिएको छ। दैनिक १ सय देखी १ सय ५० सम्म देखिन थालेको संक्रमण पछिल्लो यो साता दैनि १५ देखी २५ सम्म संक्रमणको संख्या देखिन थालेको स्वास्थ्य कार्यालय स्याङ्जाका प्रमुख बसुन्धरा शर्माले बताईन्। जिल्लामा एक महिनाको अन्तरालमा १ हजार ६ सय २९ जना कोरोना संक्रमणबाट संक्रमित भएका छन् भने ५ जनाले कोभिडबाट ज्यान गुमाएका छन्।


कोभिडबाट मात्रै भन्दा पनि अन्य सरुवा रोगबाट बच्न शर्माले जिल्लावासीलाई आग्रह गरेकी छन्। भारतसगँ जोडिएका जिल्ला सगँको सिमानामा स्याङ्जा रहेकाले अझै जोखिम हुन सक्ने तर्फ ध्यानाकर्षण गर्दै आफ्नो आनीवानीमा सुधार गर्न शर्माले सुझाईन्।

# जिपिएस...

स्वास्थ्य निर्देशनालयबाट करिब रु ३८ लाख र नेपाल रेडक्रसले करिब रु ६२ लाख खर्च गर्नेछन्। एउटा एम्बुलेन्समा जिपिएस जडान गर्न करिब रु १२ हजार र वार्षिक रिचार्ज गर्न करिब चार हजार ५०० खर्च लाग्ने बताइएको छ। यही माघ २३ र २४ गते रेडक्रस र सरकारी अस्पतालका गरी २५ एम्बुलेन्समा जिपिएस जडान गरिएको छ भने विस्तारै ११ वटै जिल्लामा यो सेवा विस्तार गरिने जनाइएको छ। रेडक्रसका ११ जिल्ला शाखा र उपशाखामा गरी २५ एम्बुलेन्स सञ्चालनमा छन् यस कार्यक्रम अन्तर्गत 'ग' वर्गका एम्बुलेन्सलाईस्तर उन्नती गरी 'ख' वर्गमा लगिने छ। एम्बुलेन्स चालकलाई प्राथमिक उपचारसहित पूर्व अस्पताल सेवा सम्बन्धी तीन दिन तालिम प्रदान गरिने छ भने प्रेषण केन्द्रका कर्मचारीलाई ६ दिनको तालिम दिइनेछ। त्यसैगरी प्रत्येक जिल्लामा एक-एक दिनको अभिमुखिकरण तालिम सञ्चालन हुनेछ। प्रदेशभरिको लागि एम्बुलेन्सको लागि १०२ नम्बरमा सञ्चालनमा ल्याइएको छ। 'डिस्प्याच सेन्टर'स्वास्थ्य निर्देशनालयमा राखी सञ्चालन गरिने जनाइएको छ।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (वाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# शक्ति संघर्षको मारमा प्रतिनिधि सभा

सत्ता गठबन्धनका नेताहरूबीच अविश्वास बढ्दै जाँदा प्रतिनिधिसभा बैठक बस्न सकेको छैन । प्रधानमन्त्री शेर बहादुर देउवाले एमसिसी पास गराउन खोजेपछि सभामुख अग्नी प्रसाद सापकोटा तयार भएका छैनन् । प्रधानमन्त्री देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष कमल दाहाल प्रचण्डबीच चलेको शक्ति संघर्ष प्रतिनिधिसभामा देखिएको छ । प्रचण्डको चलायमान स्वभावका कारण प्रधानमन्त्री देउवाले चाहेअनुसार काम गर्न सकेका छैनन् । सत्ता गठबन्धनका नेताहरू चारतिर फर्केका छन । प्रतिनिधिसभा प्रमुख प्रतिपक्षी नेकपा एमालेले अबरुद्ध पारेको प्रचार गरेपनि भित्री खेल देउवा र प्रचण्डको दाउपेच हो । पछिल्लो समय सत्ता गठबन्धनमा देखिएको अविश्वासको कारण प्रतिनिधिसभाको बैठक सूचना टाँसेर स्थगित भएको छ ।

सरकारले नै प्रतिनिधिसभाको बैठकको मिति सार्न आग्रह गरेको कारणले स्थगित गरिएको प्रचार भएको छ । 'कानुनमन्त्रीले सभामुखलाई फोन गरेर प्रतिनिधिसभाको बैठक सार्न आग्रह गरेको समाचार सार्वजनिक भएको छ । अर्को बैठक अब फागुन २ गतेका लागि डाकिएको छ । प्रतिनिधिसभाको माघ १६ गतेको बैठक पनि सूचनामार्फत् सारिएको थियो। त्यतिबेला माघ २६ गतेका लागि अर्को बैठकको मिति तोकिएको थियो । तर, माघ २५ गते साँझ नै फेरि बैठक स्थगित भएको सूचना संसद सचिवालयका महासचिवले जारी गरेका छन । अमेरिकी सहयोग परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) संसदमा टेबल हुने/नहुने अन्योल बढेर गएको अवस्थामा बैठक स्थगित गरिएको हो ।

सरकारले सभामुख अग्नि सापकोटालाई संसदमा एमसिसी टेबल गर्न आग्रह गरिसकेको छ। सभामुख पकोटाले एमसिसी टेबल गर्छन् कि गर्दैनन् भन्ने अन्यौल यथावत् रहेको बेला बैठक स्थगित भएको हो । बुधबार बिहान सभामुख सापकोटाले कार्यव्यवस्था परामर्श समितिको बैठक डाक्ने तयारी गरिरहेका थिए । सभामुख सापकोटालाई कानुन मन्त्री दिलेन्द्र बडुले भेटेरै प्रतिनिधिसभा बैठकमा एमसिसी टेबल गर्न आग्रह गरिसकेका छन्। माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको द्वैध चरित्रको कारण पनि अविश्वास उत्पन्न भएको हो । प्रचण्डको कारण सभामुख सापकोटा सरकारको प्रस्तावमा सकरात्मक छैनन् । सभामुख सापकोटाले संसदमा एमसिसी टेबल गर्न वातावरण बन्नुपर्ने बताउँदै आएका छन् ।

प्रतिनिधिसभाको कार्यव्यवस्था परामर्श समिति सभामुखलाई संसद बैठक सञ्चालनका लागि सुझाव दिने समिति हो। जसमा प्रमुख दलका सचेतकहरू र दलले रोजेका प्रतिनिधि रहन्छन्। यस्तो समितिले तय गरेको अजेन्डा अनुसार सामान्यतः प्रतिनिधिसभाको बैठक सञ्चालन हुन्छ । सभामुखले कार्यव्यवस्थामा एमसिसीको विषय सरकारले प्रवेश गराए प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले गरेको अवरोधलाई कारण देखाउने गरेका छन । जबकि सरकारले चाहेको प्रस्ताव एमालेको घेराउ गरिरहेको बेला पारित भएको छ । एमालेले सभामुखको राजीनामा वा नेकपा एकीकृत समाजवादी पार्टीका सांसदलाई बैठकबाट निकाल्नुपर्ने माग गर्दै आएको छ । एमालेको मागलाई सभामुख र सत्ता पक्षले हल्का रुपमा लिएको कारण पनि समस्या जेलिदै आएको छानेताहरूको द्वैध चरित्र काय रहुन्जेल त्यसको मारमा जननिर्वाचित प्रतिनिधिको थलो प्रतिनिधि सभा हुने गरेको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : मानसिक तनाब |
| वृष | : मन चञ्चल | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : झमेला बड्ने |
| कर्कट | : कार्यमा सफलता | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्दि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# एक हजार ९५७ मा कोरोना संक्रमण पुष्टि: ११ जनाको मृत्यु

**रासस**
**काठमाडौं, २५ माघ**

मुलुकभर पछिल्लो २४ घण्टामा थप एक हजार ९५७ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ ।

सोमबारको तुलनामा यो ३८७ जनाले बढी हो । सोमबार एक हजार ५७० जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको थियो । पछिल्लो २४ घण्टामा १२ हजार ६९२ नमूनाको एन्टिजेन र पीसीआर विधिबाट परीक्षण गरिएको थियो । पीसीआर विधिबाट गरिएको आठ हजर ५८७ परीक्षणमा एक हजार १८४ र चार हजार १०५ एन्टिजेन विधिबाट गरिएको परीक्षणमा ७७३ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा पाँच हजार १०३ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन् । यससँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या नौ लाख २० हजार ५९२ पुगेको छ । नेपालमा निको हुने दर ९५ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षण गरिँदा नौ लाख ६८ हजार ६११ र एन्टिजेन विधिबाट परीक्षण गरिँदा एक लाख ३५ हजार ६०५ जना सङ्क्रमित भएको मन्त्रालयले जनाएको छ । पीसीआर विधिबाट परीक्षण गर्नेको सङ्ख्या ५२ लाख ९१ हजार ९५९ र एन्टिजेन विधिबाट परीक्षण गर्नेको सङ्ख्या नौ लाख ९९ हजार ४८१ पुगेको छ । मुलुकमा कुलमा सङक्रमण दर १८ दशमलव तीन प्रतिशत रहेको छ । कोभिड विरुद्धको खोप लगाउनेको सङ्ख्या पछिल्लो २४ घण्टामा दुई लाख ७३ हजार ३४९ रहेको छ । मुलुकभर हाल सक्रिय सङ्क्रमितको सङ्ख्या ३६ हजार १८१ रहेको छ । पछिल्लो २४ घण्टामा कोरोनाबाट ११ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । योसँगै कोरोना भाइरस सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ८३८ पुगेको छ । कोरोना भाइरस सङ्क्रमणबाट हुने मृत्युदर एक दशमलव तीन प्रतिशत रहेको छ । प्रति १० लाख जनसङ्ख्यामा मृत्युदर ३८९ दशमलव सात रहेको मन्त्रालयले जनाएको छ । हाल भेन्टेलेटरमा रहनेको सङ्ख्या ३८ र आइसियुमा २५६ जना रहेका छन् । त्यस्तै होम आइसोलेशनमा ३४ हजार ९८३, संस्थागत आइसोलेशनमा एक हजार १९८ र क्वारेन्टिनमा १३३ जना रहेका छन् । हाल ५०० भन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्लामा मोरङ, सुनसरी, झापा, धनुषा, काठमाडौँ, ललितपुर, भक्तपुर, चितवन, काभ्रेपलाञ्चोक, कास्की, बाँके, रुपन्देही र कैलाली रहेका छन् ।

दुई सयभन्दा बढी उपचारार्थ सङ्क्रमित रहेका जिल्लामा सिराहा, सप्तरी, पर्सा, बारा, महोत्तरी, सर्लाही, मकवानपुर, धादिङ, नुवाकोट, नवलपरासी पूर्व, स्याङजा, बाग्लुङ, तनहुँ, पाल्पा, बर्दिया, दाङ, र कञ्चनपुर छन् । हाल शून्य सङ्क्रमित रहेको एक मात्र जिल्ला मनाङ रहेको जनाइएको छ । उपत्यकाका तीन जिल्लामध्ये काठमाडौँमा आठ हजार ९४२, ललितपुर पाँच हजार २८३ र भक्तपुरमा दुई हजार ६०४ सक्रिय सङक्रमित रहेको मन्त्रालयले जनाएको छ ।

# एमालेले सातवटै प्रदेशमा पार्टी प्रशिक्षण तथा अभिमुखीकरण गर्ने

**रासस**
**काठमाडौं, २५ माघ**

नेकपा (एमाले) ले सातै प्रदेशमा पार्टी प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने भएको छ । स्थानीय तह निर्वाचनको तयारीका लागि प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न थालिएको एमालेका प्रचार विभाग उपप्रमुख विष्णु रिजालले जानकारी दिनुभयो ।

सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले आगामी वैशाख ३० गते स्थानीय तहको निर्वाचन गर्ने निर्णय गरेको छ। महासचिव शङ्कर पोखरेलले माघ २५ गते प्रदेश कमिटीहरुका नाममा पत्र जारी गर्दै आवश्यक तयारीमा लाग्न निर्देशन दिनुभएको उहाँले बताउनुभयो । स्थानीय तहको निर्वाचनलाई पार्टीका पक्षमा पार्नका लागि मातहत कमिटी, नेता तथा कार्यकर्तालाई तयारी अवस्थामा राख्नका लागि कार्यक्रम आयोजना गर्न लागिएको हो ।

दुईदिने प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रमको उद्घाटन काठमाडौँबाट एकैसाथ अध्यक्ष केपी शर्मा ओलीले माघ २८ गते भर्चुअल माध्यमबाट गर्नु हुनेछ । उद्घाटनमा पार्टी केन्द्रीय कमिटीका पदाधिकारी र सदस्यहरु, प्रदेश कमिटीका पदाधिकारी तथा जिल्ला कमिटीका पदाधिकारी एवं प्रशिक्षणमा सहभागी प्रशिक्षार्थीहरु सहभागी रहनुहुनेछ । प्रचार विभाग उपप्रमुख रिजालका अनुसार प्रशिक्षण कार्यक्रम प्रदेश नं १ मा फागुन १ र २ गते विराटनगरमा, मधेस प्रदेशको फागुन ३ र ४ गते जनकपुरमा, बागमती प्रदेशको फागुन ६ र ७ गते काठमाडौँमा, गण्डकी प्रदेशको फागुन ८ र ९ गते पोखरामा, लुम्बिनी प्रदेशको फागुन ११ र १२ बुटवल र दाङमा, कर्णाली प्रदेशको फागुन १४ र १५ गते सुर्खेतमा र सुदूरपश्चिम प्रदेशको फागुन १६ र १७ गते धनगढीमा हुनेछ । प्रशिक्षणमा दशौँराष्ट्रियमहाधिवेशन/विधान महाधिवेशनबाट पारित सिद्धान्त, कार्यक्रम र कार्यदिशा, सबल, गतिशील र अनुशासित पार्टी निर्माण : राजनीतिक, सङ्गठनात्मक र शैलीगत विषय, स्थानीय तहमा हाम्रा पाँच वर्षः उपलब्धी र अनुभव, स्थानीय तह निर्वाचनको तयारी : राजनीतिक, कानूनी र व्यावहारिक पक्षका विषयमा विभिन्न नेताले दिने प्रशिक्षण हुनेछ । प्रशिक्षण कार्यक्रममा प्रदेश कमिटीका इञ्चार्ज तथा सहइञ्चार्ज, प्रदेश कमिटी पदाधिकारी, प्रदेश कमिटीका स्कुल तथा स्थानीय तह विभाग प्रमुख, प्रदेशअन्तर्गत सबै जिल्ला कमिटी इञ्चार्ज/सहइञ्चार्ज सहभागी हुनेछन् । सबै जिल्ला कमिटी पदाधिकारी, सबै जिल्ला कमिटी स्कुल तथा स्थानीय तह विभागका प्रमुख, एमालेबाट निर्वाचित जिल्ला समन्वय समितिका प्रमुख वा प्रमुख नभएको जिल्लाबाट उपप्रमुख, एमालेबाट विजयी पालिका प्रमुख वा पालिका प्रमुख नभएकोमा उपप्रमुख पनि प्रशिक्षण कार्यक्रममा सहभागी हुनेछन् ।

# वडा भवन निर्माण सुरु

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २५ माघ**

म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ भगवतीमा वडा कार्यालय भवन निर्माण सुरु भएको छ । भगवतीस्थित सिरसिरडाँडामा गण्डकी प्रदेश सरकार, जिल्ला समन्वय समिति र गाउँपालिकाको साझेदारीमा भवन निर्माण सुरु भएको हो । वडाध्यक्ष रिमबहादुर कटुवालले ठेकेदार कम्पनीले नयाँ भवन बनाउन पुरानो भत्काएर निर्माण सामग्री जुटाउन थालेको जानकारी दिनुभयो । "गाउँपालिका, प्रदेश सरकार र जिससको साझेदारीमा भवन बनाउन लागिएको हो", उहाँले भन्नुभयो, "आगामी जेठ १५ गतेभित्र भवन सम्पन्न गरिसक्ने लक्ष्य छ ।"

भवन बनाउन चालु आर्थिक वर्षमा गाउँपालिकाले रु १० लाख, जिससले रु २५ लाख र प्रदेश सरकारले रु ३५ लाख बजेट विनियोजन गरेका थिए । ठेक्का प्रतिस्पर्धाका क्रममा कर र पिएसबाहेक रु ४२ लाख ६९ हजार ९२५ कबोलेको भण्डारी निर्माण सेवा छनोट भएको गाउँपालिकाका इञ्जीनियर सुदीप गौतमले जानकारी दिनुभयो । "एकतले चारकोठाको महिला र पुरुषका लागि छुट्टाछुट्टै शौचालय भएको अपाङ्गतामैत्री भूकम्प प्रतिरोधी क्षमताको भवन बनाउन लागिएको हो" उहाँले भन्नुभयो, "वडाध्यक्ष, सचिव, जनप्रतिनिधि र बैठककक्षका लागि कोठा हुनेछन् ।" हाल वडा कार्यालय सञ्चालन भएको पुरानो भवन साँघुरो र जीर्ण छ । सेवा प्रवाह गर्न असहज भएको छ । नयाँ भवन निर्माण भएपछि सेवा प्रवाह गर्न सहज र व्यवस्थित हुने सचिव विष्णु भण्डारीले बताउनुभयो । वडा कार्यालय भवन निर्माणका लागि बजेट विनियोजनमा सहयोग गर्ने गण्डकी प्रदेशसभा सदस्य विनोद केसी, जिल्ला समन्वय समिति प्रमुख देवेन्द्रबहादुर केसी र गाउँपालिका अध्यक्ष भबबहादुर भण्डारीलाई वडाध्यक्ष कटुवालले धन्यवाद दिनुभयो ।

# इन्टरनेटको सञ्जालमा जोडिँदै सामुदायिक विद्यालय

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २५ माघ**

म्याग्दीको बेनी नगरपालिका क्षेत्रमा सञ्चालित ४२ सामुदायिक विद्यालयलाई प्रविधिमैत्री बनाउन इन्टरनेट जडान कार्य सुरु भएको छ ।

बेनीबजारको बसपार्क क्षेत्रमा रहेको बालमन्दिर आधारभूत विद्यालयमा इन्टरनेट जडान भएपछि राउटरको स्विच अन गरेर बेनी नगरपालिकाका प्रमुख हरिकुमार श्रेष्ठले जडान कार्यको औपचारिक उद्घाटन गर्नुभयो । विद्यालयमा आवश्यक पर्ने इमेल तथा इन्टरनेट प्रयोगका लागि दूरसञ्चार प्राधिकरणको आर्थिक सहयोगमा जोडिएको इन्टरनेटले सहज हुने नगर प्रमुख श्रेष्ठको भनाइ छ । विश्वभर महामारीका रूपमा फैलिएको कोभिड-१९ सङ्क्रमणको समयमा भर्चुअल माध्यमबाट विद्यार्थीहरूलाई दैनिक रूपमा कक्षा लिन र शिक्षकलाई पढाउनका लागि अहिले जोडिएको इन्टरनेटले सहज हुने उहाँले बताउनुभयो । इन्टरनेट जडान कार्यले शिक्षक तथा विद्यार्थीलाई शिक्षण सिकाइ क्रियाकलापमा धेरै सहज हुने अपेक्षासमेत गरिएको छ ।

नेपाल दूरसञ्चार प्राधिकरणको ग्रामीण दूरसञ्चार विकास कोषले ब्रोडब्यान्ड इन्टरनेट सेवाको स्तरोन्नति तथा विस्तार गर्ने कार्यक्रमअन्तर्गत स्थानीय तहसँग समझदारी गरेर सामुदायिक विद्यालयमा इन्टरनेट सेवा उपलब्ध गराएको हो ।

प्राधिकरणले बेनी नगरपालिकासँग सम्झौता गरेर नगरपालिकाभित्रका ४२ वटा विद्यालयमा इन्टरनेट सेवा उपलब्ध गराउन लागेको बेनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत धोलकराज ढकालले जानकारी दिनुभयो । बालमन्दिर आधारभूत विद्यालयमा इन्टरनेट जडान खर्चसहित २ वर्षको २८ हजार रुपैयाँ पनि प्राधिकरणले उपलब्ध गराएको उहाँको भनाइ छ ।

नगरपालिका क्षेत्रका ४२ वटै विद्यालयमा एक महिनाभित्रै इन्टरनेट सेवा उपलब्ध गराउन लागिएको टेकमाइन्डस नेटवर्कका जोनल इन्चार्ज सुवास श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, "प्राधिकरणसँगको सहकार्यमा बेनी नगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा तीव्र गतिको इन्टरनेट सुविधा हामीले दिन लागेका छौँ ।" इन्टरनेट जडानपछि सामुदायिक विद्यालयमा शिक्षक तथा विद्यार्थीको सिकाइ प्रभावकारी हुने जनाइएको छ । पछिल्लो समय सबैको हातहातमा स्मार्ट फोन पुगेपछि सबैलाई इन्टरनेट सेवा अपरिहार्य जस्तै बनेको छ ।

बेनी नगरपालिका क्षेत्रभित्र रत्नेचौरमा तीन, ज्यामरुककोटमा ६, भकिम्लीमा ६, सिङ्गामा तीन, पुलाचौरमा १०, अर्थुङ्गेमा तीन, बेनीमा एक, घतानका सात र पाल्लेखेतका तीनवटासहित कूल ४२ वटा विद्यालयहरूमा इन्टरनेट जडान गर्ने कार्यको सुरुआती दिनमा बालमन्दिर आधारभूत विद्यालयमा इन्टरनेट सेवा जोडिएको हो । इन्टरनेट जडानपछि विद्यार्थीलाई स्वेच्छिक अध्ययनमा पनि सहयोग पुग्ने सरोकारवालाहरू बताउँछन् ।

# ढिलो छिटो माओवादी क्रान्तिका सहयात्री एक ठाउँमा : अध्यक्ष दाहाल

**रासस**
**काठमाडौं, २५ माघ**

नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीको जुम्ला जिल्ला समिति नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) मा समाहित भएको छ । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' निवास खुमलटारमा आज आयोजित एक कार्यक्रमबीच जिल्ला इन्चार्ज चन्द्रवीर तिरुवासहित जिल्ला सेक्रेटरी, सह-सेक्रेटरीलगायत दुई दर्जनभन्दा बढी नेता तथा कार्यकर्ता माओवादी केन्द्रमा प्रवेश गर्नुभएको हो ।

सो अवसरमा अध्यक्ष दाहालले ढिलो छिटो माओवादी क्रान्तिका सहयात्री एक ठाउँमा हुनुको कुनै विकल्प नरहेको बताउनुभयो । परिवर्तनबाट प्राप्त उपलब्धिलाई बचाउन र नेपाली जनताको भाग्य भविष्यका लागि अझै लड्दै जान पनि माओवादी शक्तिहरू एकजुटहुनआवश्यकभएकोउहाँकोभनाइ थियो । "माओवादीलाई देशभित्रका र देशबाहिरका प्रतिक्रियावादीहरू कसरी घेरा हालेर सखाप पार्न सकिन्छ भनेर लागिरहेका छन्," उहाँले भन्नुभयो, "हामी यति ठूलो परिवर्तनका वाहक विघटन वा विभाजन तिर जाँदा प्रतिक्रियावादीलाई धेरै ठूलो फाइदा हुन्छ र जनतालाई धेरै ठूलो घाटा हुन्छ ।" उहाँले अहिले विस्तारै विभाजनका घाउहरू बिसिँदै र देशको वस्तुगत अवस्थालाई मनन गर्दै माओवादी एक ठाउँमा केन्द्रित हुँदै गएको बताउनुभयो ।


## आवश्यकता

**यस महालक्ष्मी आर्थिक सहकारी संस्था लि.** पोखरा महानगरपालिका वडा नं.-९, नयाँबजारका लागि निम्न अनुसार दक्ष एवम् अनुभवी कर्मचारीको आवश्यकता भएको हुँदा इच्छुक योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

१. क) पदः सहायक कर्जा प्रमुख आवश्यक संख्याः १ जना

ख) न्यूनतम योग्यताः

- शैक्षिक योग्यताः BBS/BBA वा सो सरह उत्तीर्ण भएको हुनुपर्नेछ ।
- कम्प्युटर सम्बन्धी राम्रो ज्ञान भएको हुनुपर्नेछ ।
- नेपाली तथा अंग्रेजी टाईपिङमा राम्रो दखल हुनुपर्नेछ ।
- बैंक तथा वित्तीय संस्थामा काम गरेको अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।
- २ पांग्रे सवारी साधनको अनुमतिपत्र भएकालाई प्राथमिकता ।

२. तलब स्केलः संस्थाको नियमानुसार ।
३. उमेरः २० वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ ।
४. छनौट प्रक्रियाः अन्तरवार्ता एवम् प्रयोगात्मक ।
५. आवेदन दिने अन्तिम मितिः २०७८/११/१५ गते कार्यालय समय भित्र ।

नोटः दरखास्त बुझाउँदा हस्तलिखित निवेदनका साथमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपिहरु, पासपोर्ट साइजको फोटो २ प्रति र बायोडाटासहित बुझाउनुहोला । छनौट भएकालाई मात्र अन्तरवार्ताका लागि बोलाईने छ ।

**कर्मचारी छनौट उप-समिति**
**महालक्ष्मी आर्थिक सहकारी संस्था लि.**
**पोखरा-९, नयाँबजार**
इमेलः cooperative.mahalaxmi@gmail.com

